आकाशवाणी समाचार- नेपाली

मितिः १४ जनवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

१. पश्चिम बंगाल विधानसभामा नेता प्रतिपक्ष शुभेन्दु अधिकारीको लावा-लस्करमाथि भएको हमलाको सीबीआईमार्फत जाँच गराउनुपर्ने मागमा दर्ता याचिकालाई कलकत्ता उच्च अदालतले स्वीकार गरेको छ।

२. सिलगढ़ी शहरमा डम्पर समेत भारी वाहनहरूको बेलगाम आवात-जावतमाथि रोक लगाउनको लागि सिलगढ़ी नगरनिगमले कड़ा कदम उठाउने निर्णय लिएको छ।

३. दिल्लीको धरना कार्यक्रमलाई लिएर क्रामाकपा दार्जिलिङ आञ्चलिक कमिटीद्वारा सोनादादेखि खरसाङसम्म पोस्टरिङ र पर्चा वितरण गरिएको छ।

४. आज देशभरिमा मकर संक्रान्ति पर्व ठूलो उत्साहका साथ मनाइँदैछ। पश्चिम बंगाल लगायत पहाड तराईमा पनि मकर संक्रान्ति पर्व मनाइँदैछ।

५. इण्डियन आइडल सिजन तीनका विजेता गायक तथा नायक प्रशान्त तामाङ पञ्चतत्वमा विलीन भएका छन्।

**सीबीआईमार्फत जाँच गराउनुपर्ने माग स्वीकार**

पश्चिम बंगाल विधानसभामा नेता प्रतिपक्ष शुभेन्दु अधिकारीको लावा-लस्करमाथि गत साता भएको कथित हमलाको केन्द्रिय अन्वेषण ब्यूरो सीबीआईमार्फत जाँच गराउनुपर्ने मागमा दर्ता याचिकालाई कलकत्ता उच्च अदालतले स्वीकार गरेको छ। यो याचिका गत सोमवार उच्च अदालतको एकल पीठमा दर्ता गरिएको थियो। न्यायमूर्ति शुभ्रा घोषको एकल पीठले याचिकालाई स्वीकार गरेको भए पनि मामिलाको पहिलो सुनवाईको मिति अहिलेसम्म तय भएको छैन। यो मामिलालाई केन्द्र सरकारको गृह मन्त्रालयले पनि गम्भीर रूपमा लिएको छ। गृह मन्त्रालयले यस सम्बन्धमा नेता प्रतिपक्षको कार्यालयबाट विस्तृत रिपोर्ट मागेको थियो। शुभेन्दु अधिकारीको कार्यालयले गत 10 जनवरीको राती उहाँको लस्करमा भएको हमलासित सम्बन्धित पाँचवटा भीडियो पहिला नै गृह मन्त्रालयलाई पठाइसकेका छन्।

सूत्र अनुसार केन्द्रिय गृहमन्त्री अमित शाहले स्वयं शुभेन्दु अधिकारीसित फोनमा बातचित गरी घटनाको जानकारी लिनु भएको थियो। लगभग 15 मिनटसम्म भएको बातचितमा श्री अधिकारीले चन्द्रकोणामा भएको सम्पूर्ण घटनाको विस्तृत विवरण गृहमन्त्रीलाई दिनु भयो।

गत 10 जनवरीको अबेर साँझ पश्चिम मेदिनीपुर जिल्लाको चन्द्रकोणा क्षेत्रमा शुभेन्दु अधिकारीको लावा-लस्करमाथि हमला भएको थियो। श्री अधिकारी पुरूलिया जिल्लामा आयोजित एक राजनीतिक कार्यक्रममा सामेल भएपछि कोलकाता फर्किरहनु भएको थियो।

**फारम-सात जमा गर्ने विषयमा राजनीतिक विवाद**

उत्तर 24 परगना जिल्लाको ब्यारकपुर अनुमण्डल कार्यालयमा मतदाता सूचीसित सम्बन्धित फारम-सात जमा गर्नेलाई लिर हिजो राजनीतिक विवाद सृजना भयो। भाजपा विधायक पवन सिंह र जिल्लाध्यक्ष तापस घोषको नेतृत्वमा पार्टी प्रतिनिधिमण्डल फारम-सात जमा गर्न एसडीओ कार्यालयमा पुग्नु भएको थियो। भाजपा नेताहरूको आरोप छ, फारम जमा गर्दा प्रशासनिक अधिकारीहरूले यसको प्रक्रियालाई लिएर असमर्थता व्यक्त गर्दै उच्च अधिकारीहरूबाट अनुमति लिने कुरा गरे। यसमा भाजपाले कड़ा विरोध गर्दै आरोप लगायो, मतदाता सूचीको शुद्धतासित सम्बन्धित संवैधनिक अधिकारहरूमा बाधा दिइँदैछ। भाजपा नेताहरूले दाबी गरे, मतदाता सूचीबाट कथित रूपमा अवैध नामहरूलाई हटाउनको लागि फारम-सात जमा गर्नको लागि कुनै प्रकारको संख्याको सीमा छैन। पार्टीको आरोप छ, प्रशासनको भूमिका पक्षपातपूर्ण छ र उसले सत्तारूढ़ दलको दबावमा काम गरिरहेको छ। तथापि प्रशासनको पक्षबाट यस मामिलामा कुनै आधिकारिक प्रतिक्रिया सामु आएको छैन। सूत्रानुसार अधिकारीहरूको भनाइ छ, फारम जमा गर्ने प्रक्रिया निर्धारित दिशानिर्देश अन्तर्गत गरिन्छ र सोही अनुरूप कारबाही गरिनेछ।

## सिलगढ़ी शहरमा भारी वाहनहरूको आवात-जावतमाथि रोक

सिलगढ़ी शहरमा डम्पर समेत भारी वाहनहरूको बेलगाम आवात-जावतमाथि रोक लगाउनको लागि सिलगढ़ी नगरनिगमले कड़ा कदम उठाउने निर्णय लिएको छ। हिजो मेयर गौतम देवले शहरका विभिन्न वाहन चालक संगठनहरूसित भएको एक महत्वपूर्ण बैठकमा सो निर्णय लिनु भएको छ। बैठकमा ट्राफिक डीसीपी अभिषेक मजुमदार, नगरनिगम कमिश्नर, सिलगढ़ी नगरनिगमका अधिकारी अनि विभिन्न वाहन चालक संगठनहरूका प्रतिनिधिगण उपस्थित थिए। बैठकमा बताइयो, शहरका सड़कहरूमा भारी वाहनहरूको आवागमनको लागि एक निश्चित समय-सीमा तय गरिनेछ। हाल राती 8 बजेदेखि बिहान 9 बजेसम्म मात्र डम्पर चलाउने अनुमति दिइनेछ। दिउँसो सामान्य रूपमा कुनै पनि डम्परलाई शहरमा चल्ने अनुमति दिइनेछैन।

**बाइट**

**मेयर गौतम देव**

सिलगढ़ीको वार्ड नम्बर एक अन्तर्गत राजेन्द्रनगर क्षेत्रमा दुई दिनअघि सड़क दुर्घटनामा ज्यान गुमाउने नाबालिकको घरमा पुगेर हिजो सिलगढ़ीका मेयर गौतम देवले शोक सन्तप्त परिवारसित भेट गरी गहिरो संवेदना व्यक्त गर्नु भएको छ। उक्त नाबालिकको मृत्युबाट क्षेत्रमा शोक व्याप्त भएको छ। डम्परको चपेटमा नाबालिकको मृत्यु भएको थियो। मेयरले यस दुःखको घड़ीमा परिवारको साथमा रहने अनि हरसम्भव मद्दत गर्ने आश्वासन दिनु भएको छ। पत्रकारहरूसित बातचित गर्दै मेयर गौतम देवले भन्नु भयो, शहरको माझमा भारी वाहन विशेष गरी डम्परहरूको आवागमन कुनै पनि स्थितिमा स्वीकार्य हुनेछैन। यसबाट आम नागरिक विशेष गरी बाल-बालिकाहरूको ज्यानलाई गम्भीर खतरा हुन्छ। उहाँले बताउनु भयो, यस मुद्दालाई लिएर नगरनिगममा चाँड़ै एउटा महत्वपूर्ण बैठक डाकिनेछ जसमा पुलिस अधिकारीहरू पनि सामेल हुनेछन्। बैठकमा डम्पर र अन्य भारी वाहनहरूको शहरमा प्रवेश तथा आवागमनको लागि समय-सीमा तय गर्नको साथै कड़ा नियम लागू गर्ने निर्णय लिइनेछ।

## क्रामाकपाद्वारा पोस्टरिङ र पर्चा वितरण

अलग राज्य गोर्खाल्याण्डको मागप्रति केन्द्र सरकारको ध्यानाकर्षण गर्न क्रामाकपाले 9 र 10 फरवरी, 2026 मा दिल्लीको जन्तर मन्तरमा धरना कार्यक्रम आयोजना गरिरहेको छ। सोही धरना कार्यक्रमलाई प्रभावकारी बनाउन हिजो क्रामाकपा दार्जिलिङ आञ्चलिक कमिटीद्वारा सोनादादेखि खरसाङसम्म व्यापक पोस्टरिङ र पर्चा वितरण गरिएको छ। उक्त पोस्टरिङ साथै पर्चा वितरण कार्यक्रममा दार्जिलिङ आञ्चलिक कमिटीका सचिव उद्धव खनाल, सभापति कृष्णवीर राई, केन्द्रिय उपाध्यक्ष बीएम राई लगायत सोनादा जोनल 2 का जेके सुब्बा, सोनादा जोनल 1 का सभापति अकबर चाम्लिङ, अनर सुब्बा र शरद विश्व आदि उपस्थित रहेका थिए।

## मकर संक्रान्ति

आज देशभरिमा मकर संक्रान्ति पर्व ठूलो उत्साहका साथ मनाइँदैछ। मकर संक्रान्तिले जाडोको अन्त्य र लामो दिनको सुरुवातलाई जनाउँछ। यो पर्व देशका विभिन्न भागहरूमा फरक-फरक नामले चिनिन्छ। तमिलनाडुमा यसलाई पोंगल, गुजरातमा उत्तरायण, आसाममा भोगाली बिहु र पश्चिम बंगालमा पौष संक्रान्ति भनिन्छ।

## पश्चिम बंगाल - मकर संक्रान्ति

पश्चिम बंगालभरि आज ठूलो संख्यामा भक्तजनले विभिन्न नदी, ताल र जलाशयहरूमा पवित्र स्नान गरिरहेका छन्। मकर संक्रान्तिलाई पश्चिम बंगालमा पौष पर्वको रूपमा मनाइन्छ, जहाँ घरहरूमा चामलको पीठो, नरिवल, खीर र गुड़ प्रयोग गरेर विभिन्न परम्परागत परिकारहरू तयार पारिन्छन्। गंगासागर मेलामा लाखौं भक्तजनले पवित्र स्नान गर्ने अपेक्षा गरिएको छ।

## प्रशान्त तामाङ पञ्चतत्वमा विलीन

इण्डियन आइडल सिजन तीनका विजेता गायक तथा नायक प्रशान्त तामाङ पञ्चतत्वमा विलीन भएका छन्। दार्जिलिङमा हिजो उनको अन्तिम संस्कार सम्पन्न गरियो। दिवंगत तामाङलाई विदाई दिन हिजो हजारौंका संख्यामा मानिसहरू भेला भएका थिए। पहिलो गोर्खा इण्डियन आइडल प्रशान्त तामाङको गत आइतवार नयाँ दिल्लीमा असामयिक मृत्यु भयो। उनको पार्थिव शरीर सोमवार दार्जिलिङ ल्याइयो भने हिजो अन्तिम संस्कार सम्पन्न गरिएको छ। उनको अन्तिम यात्रामा विभिन्न क्षेत्रका मानिसहरु सहभागी बन्दै श्रद्धाञ्जली अर्पण गरे। दिवंगत तामाङका परिवार, आफन्त, शुभचिन्तक र प्रशंसकहरूले उनलाई अश्रुपूर्ण नेत्रहरूले विदाई दिए। असाधारण प्रतिभाका धनी स्वर्गीय प्रशान्त तामाङ 43 वर्षको छोटो उमेरमै असंख्यौं मानिसहरूको मनमा अमेट छाप छोड्न सफल बनेका छन्। उनले आफ्नो गायनका साथै अभिनय कलाको माध्यमले सबैको जीवनमा स्थायी प्रभाव छोडेका छन्। इण्डियन आइडल जस्तो प्रतिष्ठित मञ्चमा उनले गोर्खाहरू बहुप्रतिभाका धनी हुन् भन्ने प्रमाणित गर्दै सिर उच्च गरेका छन्, जुन इतिहासका पानाहरूमा स्वर्ण अक्षरले कुदिएका छन्।

## नगद राशि फुटबल टुर्नामेन्ट - घैयाबारी

नयाँ कमान एफसी घैयाबारीमा भइरहेको नगद राशि फुटबल टुर्नामेन्टको क्वार्टर फाइनलमा प्रवेश गरेको छ। घैयाबारी स्पोर्टस् वेलफेयर एसोसिएशनद्वारा गत 3 जनवरीदेखि घैयाबारीस्थित नेताजी हाई स्कूलको खेल मैदानमा आयोजना भइरहेको नगद राशि फुटबल टुर्नामेन्ट अन्तर्गत हिजो नयाँ कमान एफसी र जलपाइगढी एफसीमाझ म्याच सम्पन्न भयो। यस म्याचमा नयाँ कमान एफसीको तर्फबाट जर्सी नम्बर 10 सेन्डुप शेर्पाले गोल गरेर आफ्नो दललाई जीत दिलाए।

****** ० ******